## रोजगार अनुमति प्रणाली सम्वन्धी केही जानकारीहरुः

### १. EPS अर्न्तगत कोरियामा प्रवेश गरिसके पछि के गर्ने ?

(क). सम्बन्धित तालिम केन्द्रमा तालिम लिने (३दिन) तथा स्वास्थ्य जांच (Medical check-up) समेत गर्ने । आवश्यक  बीमाहरु (स्वदेश फिर्ता खर्च बीमा तथा दुर्घटना सम्बन्धी बीमा ) गर्ने,

(ख). कम्पनी तोकिने, काम शुरु गर्ने, र ९० (नब्बे) दिन भित्र सम्वन्धित आप्रावासन कार्यालय (Immigration Office)मा  गई Alien Registration  Card  लिने (यस अघि लागु औषध सम्बन्धी मेडिकल जांच गर्ने । उल्लेखित कार्यहरु गर्नको लागि करीब तीस हजार कोरियन वन खर्च लाग्ने र यस्तो खर्च सम्बन्धित कामदारले नै ब्यर्होनु पर्ने ।

(ग) बांकी बीमा गर्नेः जस्तै **स्वास्थ्य बीमा** (अनिवार्य) ईत्यादि,

(घ) स्वेदश फिर्ता ३ बर्ष पछि वा पुनः रोजगार भएमा थप १ बर्ष १० महिना भित्र ।

### २.कामबाट कति दिन अनुपस्थित रहेको खण्डमा गैर कानूनी बसाई प्रमाणित हुन सक्छ ?

सामान्यतया कामदारहरु कामबाट अनपस्थित रहनु हुदैन । ब्याख्या गर्न सकिने उपयुक्त कारण नभई आप्रवासी कामदार ५ (पांच) दिन भन्दा बढी कार्यस्थलबाट लगातार अनुपस्थित भएमा त्यस्तो कामदारलाई दर्ता नगरिएको (गैर-कानूनी) बसाई प्रमाणित गर्न सकिने व्यवस्था छ ।

### ३. काम गर्ने ठांउ कति पटक सम्म फेर्न सकिन्छ ?

पहिलो प्रवेश पछि (तीन बर्षको अवधि भित्र) अनुमति प्राप्त रोजगार भित्र रहेर तीन (३) पटक सम्म काम गर्ने ठांउ (कम्पनी) फेर्ने निवेदन दिन सकिने व्यवस्था छ । पुनः रोजगार अवधि थप (नविकरण) भएमा थप गरिएको समय अवधि (एक वर्ष दश महिना) भित्र उचित कारण भएमा दुई पटकसम्म काम गर्ने ठांउ परिवर्तन गर्न सकिने सम्भावना रहन्छ । काम गर्ने ठांउ परिवर्तनका लागि स्थानीय रोजगार सेवा केन्द्रमा निवेदन दिनु पर्नेछ । रोजगार सेवा केन्द्रको अनुमति बिना कार्यस्थल परिवर्तन हुन सक्दैन ।

### ४.बसाईको म्याद थप्ने अनुमति तथा बिदेशी दर्ता विवरण नबिकरण

आप्रवासी कामदारले श्रम करार नविकरण भई बसाईको म्याद थप्ने वा अघिको म्याद समाप्त भई  बसाईको म्याद थप गर्दा अघिल्लो म्याद सकिनु अघि नै स्थानीय आप्रवासन कार्यालय(Immigration Office) मा राहदानी, Alien Registration  Card , रोजगार अनुमति र अन्य बसाईको कारण पुष्टि गर्ने कागजात सहित निवेदन दिनु पर्दछ,

विदेशी दर्ता प्रमाणपत्र Alien Registration  Card  पाएका आप्रवासी कामदारले आफनो विवरणमा कुनै परिवर्तन भएमा परिवर्तन भएको १४ दिन भित्र प्रमाण सहित आप्रावासन कार्यालय(Immigration Office) मा संशोधनका लागि निवेदन दिनु पर्ने व्यवस्था रहेको छ । जस्तैः नाम , लिंङ्ग , जन्ममिति र नागरिकता, राहदानी नम्बर, जारी मिति, बहाल रहने मिति ईत्यादि ।

**५. श्रम सम्झौतामा के के हुनु पर्छ ?**

कोरिया सरकारद्धारा लागु गरिएको श्रम सम्बन्धी आधारभूत सिद्धान्तमा जनवरी १, २०१२ देखि सम्झौता तयार गर्दा रोजगार सम्झौताको अवधि, श्रम गर्नु पर्ने समय, पाउने तलब भत्ता र बिदाको दिन आदि महत्वपूर्ण कुराहरु सम्झौता पत्रमा स्पष्टरुपमा उल्लेख गरेर लेखिनु पर्दछ । त्यसकारण पहिले आफूले माथि उल्लेखित सम्झौतापत्र बारे सम्पूर्ण कुराहरु पढेर मात्र हस्ताक्षर गर्नुपर्दछ ।

**५.आप्रवासी कामदारले अन्य व्यवसाय वा ब्यापार गर्न पाउंछ कि पाउदैन?**

आप्रवासी कामदारले तोकिएको बसाईका लागि अनुमति दिइएको म्याद भित्र बसाई अनुमतिपत्रको सिमा भित्र सिमित रहेर काम गर्नु पर्दछ तथा आफ्नो ब्यक्तिगत ब्यापार गर्न  निषेध गरिएको छ ।

**६. राहदानी कसलाई चाहिन्छ ?**

कसैले अनुरोध गरेतापनि आफनो राहदानी, बिदेशी दर्ता प्रमाणपत्र, अथवा बैंक सम्बन्धी कागजपत्र दिनु हुंदैन । रोजगारदातालाई आवश्यक परेमा प्रतिलिपि भने दिन सकिन्छ । राहदानीको दुरुपयोग हुनसक्ने भएकोले आफूले चिनेकै व्इक्तिलाई केही समयको लागि मात्र भएपनि दिनु हुंदैन ।

**७. EPS (रोजगार अनुमति प्रणाली ) अर्न्तगतका ४ मुख्य बीमाहरुः**

(क). **कार्य अवधि समाप्ति बीमाः** साना वा मझौला कम्पनीहरुमा लगातार एक बर्ष भन्दा बढी समय काम गरेको कामदारलाई एक बर्षमा कम्तिमा ३० दिन  बराबरको तलब रकम भुक्तानी दिने उद्धेश्यले यो बीमाको व्यवस्था गरिएको हो । यो रकम कामदारको मृत्यु भएमा निजको हकवालाले प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ ।

(ख) **घर फर्कने रकम बीमाः** आप्रवासी कामदारहरु आफनो करार अवधि बिताएर घर फर्कने अवस्थामा यातायात खर्च व्यवस्था गर्न सहज होस् भनेर यो बीमाको व्यवस्था गरिएको देखिन्छ । नेपाली कामदारहरुको हकमा यो रकम ५ लाख वन तोकिएको छ । यो बीमा गर्दा लाग्ने प्रिमियमको रकम आप्रवासी कामदारहरुले नै शुरुमा नै तिर्नु पर्ने हुन्छ । आफू फर्कने बेलामा यो रकम प्राप्त गर्न कामदारले सम्बन्धित बीमा कम्पनीमा निवेदन दिएमा, कम्पनीले जांचबुझ गरी रकम भुक्तानी गर्ने व्यवस्था छ ।

(ग) **बांकी बक्यौता भुक्तानीका लागि ग्यारेण्टी बीमाः** यो बीमा सम्बन्धित रोजगारदाताले कामदारलाई भुक्तानी दिनपर्ने रकम वांकी राखेमा वीमाको माध्यमद्वारा भुक्तानी गरी बांकी बक्यौता चुक्ता गर्न सहज गरिने वीमा हो । यो वीमा रोजगारदताले गर्न पर्ने व्यवस्था रहेको छ । यसमा श्रम करार गरेको १५ दिन भित्र ग्यारेण्टी बीमाको सदस्यता लिनु पर्दछ । यस अर्न्तगत तलब भुक्तान नभएमा वा ढिला भएमा सम्बन्धित व्यक्तिले निवेदन दिई भुक्तानी लिन सक्ने व्यवस्था रहेको छ ।

(घ) **दुर्घटना बीमाः** दुर्घटना तथा अन्य कारणले चोटपटक लागेमा वा रोग लागेमा आप्रवासी कामदारलाई क्षतिपूर्ति दिन यो बीमाको सहयोग लिईन्छ । आप्रवासी कामदारहरुले  श्रम करार लागु भएको १५ दिन भित्र सदस्यता लिनु पर्दछ । आप्रवासी कामदारको मृत्यु भएमा वा रोग लागेमा यो रकम निज वा निजको हकदारले लिन सक्नेछ ।

| वर्गीकरण | दुर्घटना | | रोग | |
|---|---|---|---|---|
| | मृत्यु | अशक्तता | मृत्यु | अशक्तता |
| बीमा रकम | ३ करोड कोरियन वोन | ३ करोड कोरियन वोन सम्म | १ करोड पचास लाख कोरियन वोन | १ करोड पचास लाख कोरियन वोन सम्म |

बीमाको सदस्यताका लागि तीन बर्षका लागि एकमुष्ट प्रिमियत भुक्तानी गरिने तथा व्यक्तिको लिङ्ग अनुसार बीमाको प्रिमियम फरक फरक हुन सक्ने ।

**८. अन्य चार मुख्य बीमाको सदस्यताः**

(१) **औद्यौगिक दुर्घटना बीमा** (**अनिवार्य**) व्यापार मालिक( रोजगार दाता) ले तिर्ने ।

(२) **रोजगार बीमा** (**वैकल्पिक**) आप्रवासी कामदारलाई मात्र स्वैच्छिक सदस्यता ।

(३) **स्वास्थ्य बीमा** (**अनिवार्य**) यो बीमामा आप्रवासी कामदारलाई रोजगार दिने प्रयोगकर्ता र आप्रवासी कामदारले राष्ट्रिय स्वास्थ्य बीमा ऐन अर्न्तगत अनिवार्य सदस्यता लिनु पर्ने ।

---

केही जिज्ञासा र उत्तरहरुः

**१.सर्मपित कामदारहरुका लागि पुनः प्रवेश रोजगार प्रणाली भनेको के हो? (What is re-entry system for committed workers?)**

सर्मपित कामदारहरुका लागि पुर्नप्रवेश रोजगार प्रणाली कोरिया सरकारद्धारा लागू गरिएको एक बिशेष थप सुविधायुक्त रोजगार सम्बन्धी कार्यक्रम(incentive policy measure) हो । रोजगार अनुमति प्रणाली अर्न्तगत आएका आप्रवासी कामदारहरु जसले कोरियामा रोजगारदाता(Company) परिवर्तन नगरी ४ (चार) बर्ष १० (दश) महिनाको अवधि पूरा गरेर कोरियाबाट स्वदेश फर्केको तीन (३) महिना पछि पुनः आफू स्वदेश फर्कनु अघिको कार्यस्थलमा ( कल कारखाना , कृषि, मत्स्यपालन ईत्यादि) आई थप अवधि काम गर्ने अवसर प्राप्त गर्दछन् ।

**२. पुर्नप्रवेशको लागि कस्तो ब्यक्ति योग्य हुन्छन् ?**

(क) ई.पि.एस. अर्न्तगत कोरिया आएका आप्रवासी कामदारहरु, (ख) कम्पनी परिवर्तन नगरी सम्पूर्ण कार्य अवधि (चार बर्ष दश महिना) सोही रोजगारदाताकोमा काम गरेका (कोरियाको रोजागार तथा श्रम मन्त्रालयको घोषणाबाट औपचारिक रुपमा बन्द गरिएका व्यवसायिक प्रतिष्ठानको हकमा भने यो शर्त लागु हुने छैन), (ग) रोजगारदाताबाट पुनः प्रवेशको लागि सहमत भई सम्बन्धित रोजगार सेवा केन्द्रमा करारपत्रमा हस्ताक्षर गरेको, र (घ) कामदारले श्रम करार अवधि समाप्त हुन अघि नै स्वेच्छिक रुपमा स्वदेश फिर्ता भएको व्यक्ति पुर्नप्रवेशको लागि योग्य हुने छन् ।

**३. पुर्नप्रवेश अनुमति प्रणालीका प्रकृयाहरुः**

(क) रोजगारदाताले नजिकको रोजगार सेवा केन्द्रमा आफनो कामदारको करार अवधि समाप्त हुनु भन्दा बढीमा तीस (३०) दिन तथा घटिमा सात (७) दिन अगावै पुनः प्रवेश रोजगारको लागि निवेदन दर्ता गराउनु पर्नेछ ।

रोजगारदातासंग पुनः प्रवेश पछिको Job Contract गरेको तथा स्वदेश जानु अघि पुनः रोजगार गर्न पाउने पत्र साथैमा लिएर जानु उपयुक्त हुनेछ ।

**४. पुर्नप्रवेशको लागि कामदार कहिले स्वदेश फर्कने ?**

कामदारहरुले रोजगार सेवा केन्दबाट स्वीकृत पुर्नप्रवेश रोजगार अनुमति प्राप्त गरी सकेपछि तथा आफनो रोजगार अवधि समाप्त हुनु अगावै अर्थात चार वर्ष दश महिना अगाडी नै अनिवार्य रुपमा स्वदेश फर्किसकेको हुनु पर्नेछ ।

**५. पुर्नप्रवेश रोजगार प्रकृया कसरी अगाडि बढाउने ?**

(क) स्वदेश फर्केका कामदारहरुले, आफू फर्केको सात (७) दिन भित्र सम्बन्धित कार्यालय (ई.पि.एस. शाखा कार्यालय, ग्वाको, ललितपुर) मा आफ्नो नाम सुचिकृत गर्ने । यसरी आवश्यक प्रकृया पूरा गरी सकेपछि कामदारहरु तीन (३) महिना भित्र समूहमा कोरियामा आउन सक्नेछन् । कोरियामा स्वास्थ्य जांच तथा बीमा सम्बन्धी कार्य पछि त्यस्ता कामदारहरु आफना रोजगारदाताको कार्यस्थलहरुमा खटिन सक्ने छन् ।

**६.सर्मपित कामदार पुर्नप्रवेश रोजगार प्रणालीका फाईदाहरु के के हुन् ?**

यसरी आउने कामदारहरुले सेवा सम्बन्धि तालिम तथा भाषा परीक्षा उर्त्तिण गर्नु नपर्ने तथा उनीहरुलाई उमेरको हदबन्दी समेत नलाग्ने ब्यवस्था रहेको छ । साथै यस्ता कामदारहरुलाई शुरुमा तीन बर्ष(३ बर्ष) कोअवधि रोजगार गर्न पाउने छन् र यदि त्यस्ता कामदारहरुका रोजगारदाताले कोरियाको श्रम तथा रोजगार मन्त्रालयबाट पुनः रोजगार अनुमति प्राप्त गरेमा थप १ बर्ष १० महिना काम गर्न पाईने छ ।

**७. पुर्नप्रवेश रोजगार प्रणाली तथा शुरुमा आएको प्रणाली बीच के भिन्नता छ ?**

कोरियामा प्रवेश पछि, शुरुमा प्रवेश गरेको रोजगार प्रणाली तथा यसका कार्यगत पद्धति समान छन् । तर पुनः प्रवेश प्रणाली अर्न्तगत आएका कामदारहरुले अन्य रोजगारदाता तथा अन्य कम्पनीमा (कम्पनी परिवर्तन गरी) काम गर्न पाउने छैनन् । जुन रोजगारदाताको कम्पनीमा पुन प्रवेश रोजगार अनुमति पाएको हो सोही कम्पनीमा काम गर्नु पर्ने हुन्छ ।

(१) **Special EPS- TOPIK** के हो ?

रोजगार अनुमति प्रणाली अर्न्तगत कोरियामा आएका बिदेशी कामदारहरुले कोरियामा शुरुको तीन (३) बर्षको रोजगार अवधि पछिको थप रोजगार अवधि (एक वर्ष दश महिना) समाप्त हुनु अगावै स्वेच्छिक रुपमा स्वदेश फर्किएर कम्प्युटरमा आधारित बिशेष परीक्षा उत्तिर्ण गरेमा स्वदेश फर्केको ६ महिना पछि रोजगारको लागि कोरियामा पुनः प्रवेश गर्न सक्ने अनुमति हो ।

(२) **Special EPS- TOPIK** को लागि के योग्यता चाहिन्छ ?

(क) EPS अर्न्तगत कोरियामा आएका बिदेशी कामदारहरु जसले कोरियामा शुरुको रोजगार अवधि पछिको थप रोजगार अवधि समाप्त हुनु अगावै स्वेच्छिक रुपमा स्वदेश फर्किएका र उमेर ३९ बर्ष ननाघेको हुनु पर्नेछ ।

(३) **Special EPS- TOPIK** को लागि परीक्षा कहिले र कहां हुन्छ ?

यो परीक्षा नेपाली कामदारहरुको हकमा नेपालको ललितपुरको **ग्वाकोमा** रहेको EPS-TOPIK CBT center मा तोकिएको मिति र समयमा हुन्छ । यस सम्वन्धमा EPS शाखामा सम्पर्क गरी परीक्षाको विषयमा थप जानकारी लिन सुझाव गरिन्छ ।

(४) **Special EPS- TOPIK को फाईदाहरु के के हुन्** ?

यस प्रणाली अर्न्तगत रोजगारीका लागि आउने कामदारहरुले पनि शुरुको अवधि जस्तै कोरियामा कार्य गर्ने अवसर प्राप्त गर्दछन् । यस्ता कामदारहरुले अभिमुखिकरण तालिम लिई रहनु पर्दैन ।

(४) **Special EPS- TOPIK तथा Re -entry system for committed workers को बीचमा के फरक छ** ?

Re-entry system for committed workers व्यवस्था ती कामदारहरुको लागि उपलब्ध छन् जो कृषि, पशुपालन तथा मत्स्य, तथा साना उत्पादनमूलक कम्पनी (Agriculture & livestock and fishery industries or small manufacturing companies) हरुमा काम गरेका हुन् । तर Special EPS- TOPIK चाहि उद्योग तथा व्यवसायको सिमितताबाट प्रभावित छैन ।

Re-entry system for committed workers ई.पि. एस. अर्न्तगत कोरिया आई कम्पनी परिवर्तन नगरी सम्पूर्ण कार्य अवधि (चार बर्ष दश महिना) सोही रोजगारदाताकोमा काम गरेको तथा रोजगारदाताबाट पुन: प्रवेशको लागि सहमत भई सम्बन्धित रोजगार सेवा केन्द्रबाट स्वीकृत भई, रोजगार अवधि समाप्त हुनअघि नै स्वेच्छिक रुपमा स्वदेश फिर्ता भएको हुनु पर्दछ । तर Special EPS-TOPIK प्रणाली भने EPS अर्न्तगत कोरियामा आएका बिदेशी कामदारहरु जसले कोरियामा शुरुको तीन (३) बर्षको रोजगार अवधि पछिको थप रोजगार अवधि समाप्त हुनु अगावै स्वेच्छिक रुपमा स्वदेश फर्किएकाहरु मात्र समावेश हुन पाउंदछन् (यस प्रणालीमा कम्पनी परिवर्तन गरेको भए पनि सहभागी हुन पाउंदछन्) ।

Re -entry system for committed workers व्यवस्था अर्न्तगतका कामदारहरुले EPS- TOPIK परीक्षा दिनु पर्दैन तथा उनीहरु कोरियाबाट departure date को तीन (३) महिना भित्र पछि पुन: प्रवेशको अनुमति प्राप्त गर्न सक्छन् । Special EPS- TOPIK का निवेदकहरुले CBT( Computer based test) test उत्तिर्ण गर्नु अनिवार्य छ तथा कोरिया फर्कनु अघि स्वदेशमा ६ महिना बिताएको हुनु पर्नेछ ।

---------------------------------------

**श्रम तथा रोजगार मन्त्रालय अर्न्तगत रहेका समस्या समाधान सम्बन्धी रोजगार सेवा केन्दहरु**

| सि.न. | कार्यालयको नाम | कार्यालय क्षेत्र | क्षेत्रीय नम्बर | फोन नम्बर |
|---|---|---|---|---|
| १ | Seoul | Seoul total | 02 | 2235-2045,7 |
| २ | Seoul Gangnam | Seoul Gangnam Total | 02 | 3468-4773-6 |
| ३ | Seoul Dongbu | Seoul Gangnam Total | 02 | 2142-8953<br>2186-2569 |
| ४ | Seoul Shurbu | Seoul Gangnam Total | 02 | 2077-6010,13 |

| | | | | |
|---|---|---|---|---|
| ५ | Seoul Nambu | Seoul Nambu Total | 02 | 2639-2420-1 |
| ६ | Seoul Bookbu | Seoul Bookbu Total | 02 | 2171-1731 |
| ७ | Seoul Gwanak | Seoul Gwanak Total<br>Boramae Center | 02<br>02 | 3281-1995-6<br>840-3950 |
| ८ | Uijeongbu | Uijeongbu Total<br>Ilsan Center<br>Guri Center | 031<br>031<br>031 | 853-7607<br>920-3951-4<br>564-1919 |
| ९ | Chuncheon | Chuncheon Center | 033 | 250-1901-2 |
| १० | Gangreung | Gangreung Total | 033 | 645-9893-5 |
| ११ | Wonju | Wonju Total | 033 | 744-4945 |
| १२ | Taebaek | Taebaek Total | 033 | 582-9090 |
| १३ | Yeongwol | Yeongwol Total | 033 | 375-6251-3 |
| १४ | Kyungin | Kyungin Total | 032 | 428-0864 |
| १५ | Incheon Bukbu | Incheon Bukbu Total<br>West Incheon Center | 032<br>032 | 515-2993<br>567-0456 |
| १६ | Suwon | Suwon Total<br>Yongin center | 031<br>031 | 231-77831-8<br>286-4547 |
| १७ | Pyeongtaek | Pyeongtaek Total | 031 | 665-5806 |
| १८ | Bucheon | Bucheon Total<br>Gimpo Center | 032<br>031 | 320-8981-4<br>985-6011 |
| १९ | Anyang | Anyang Total<br>Gwangmyeong Center | 031<br>031 | 463-0762-4<br>2688-9602 |
| २० | Ansan | Ansan Center | 031 | 412-1926 |

| | | | | |
|---|---|---|---|---|
| २१ | Daegu | Daegu Total | 053 | 667-6043-4 |
| २२ | Daegu North | Daegu North Total | 053 | 606-8066 |
| २३ | Pohang | Pohang<br>Kyeongju | 054<br>054 | 248-1350<br>744-9091-2 |
| २४ | Gumi | Gumi Total | 054 | 440-3305 |
| २५ | Yeongju | Yeongju Center | 054 | 631-1919 |
| २६ | Andong | Andong Total | 054 | 854-2727 |
| २७ | Busan | Busan Total | 051 | 640-2429 |
| २८ | Busan Dongrae | Busan Dongrae Total | 051 | 559-2461 |
| २९ | Busan North | Busan North Total | 051 | 324-4521 |
| ३० | Changwan | Changwan Total | 055 | 239-0971-2 |
| ३१ | Ulsan | Ulsan Center | 055 | 228-1942 |

| | | | | |
|---|---|---|---|---|
| ३२ | Yangsan | Yangsan Center | 055 | 388-4257 |
| ३३ | Kimhae Center | Kimhae Center | 055 | 321-1854 |
| ३४ | Jinju | Jinju Total | 055 | 760-6743 |
| ३५ | Tongyeong | Tongyeong Total | 055 | 648-5280 |
| ३६ | Kwangju | Tongyeong Total | 062 | 239-8054 |
| ३७ | Jeonju | Jeonju Total | 063 | 270-9115 |
| ३८ | Iksan | Iksan Total | 063 | 839-0051 |
| ३९ | Gunsan | Gunsan Total | 063 | 450-0551 |
| ४० | Mokpo | Mokpo Total | 061 | 280-0562 |
| ४१ | Yeosu | Yeosu Center | 061 | 720-9104 |
| ४२ | Jeju | Jeju Total | 064 | 759-8178 |
| ४३ | Daejun | Daejun Total | 042 | 480-6435 |
| ४४ | Cheongju | Cheongju Total | 043 | 230-6781-2 |
| ४५ | Cheonan | Cheonan Total | 041 | 620-7462-3 |
| ४६ | Chungju | Chungju Total | 043 | 848-4037-8 |
| ४७ | Boryeong | Chungju Total | 041 | 930-6233 |
| ४८ | Seongnam | Seongnam Total Center | 031 | 739-3160-2 |
| ४९ | Ansan | Siheung Center | 031 | 496-1906-8 |

<u>कोरियाको अध्यागमन कार्यालय</u>

| सि.न. | कार्यालयको नाम | क्षेत्रिय नम्बर | फोन नम्बर |
|---|---|---|---|
| १ | Seoul | 02 | 2650-6212-5 |
| २ | Sejongro | 02 | 732-6213-5 |
| ३ | Uijeongbu | 031 | 828-9499 |
| ४ | Suwan | 031 | 278-3311-5 |
| ५ | Pheongtaek | 031 | 683-6937-8 |
| ६ | Osan | 031 | 683-6937-8 |
| ७ | Incheon | 032 | 889-9963 |
| ८ | Kimpo | | 2664-6202 |
| ९ | Mid-city Airport | 02 | 551-6922 |
| १० | Incheon International airport | 032 | 740-7014-30 |
| ११ | Chuncheon | 033 | 244-7351 |
| १२ | Donghae | 033 | 535-5721 |
| १३ | Sokcho | 033 | 636-8613 |
| १४ | Koseong | 033 | 689-5102 |

| | | | |
|---|---|---|---|
| १५ | Busan | 051 | 254-3917-8 |
| १६ | Ulsan | 052 | 261-7545 |
| १७ | Gamcheon | 051 | 254-3917-8 |
| १८ | Gimhae | 051 | 979-1321-5 |
| १९ | Masan | 055 | 222-9272-5 |
| २० | Tongyeong | 055 | 645-3494 |
| २२ | Sacheon | 055 | 835-4088 |
| २३ | Geoje | 055 | 681-6181 |
| २४ | Daejeon | 042 | 254-8811-4 |
| २५ | Daesan | 041 | 681-6181 |
| २६ | Cheongju | 043 | 236-4901 |
| २७ | Cheongju Shelter | 043 | 290-7511-2 |
| २८ | Hwaseong Shelter | 031 | 355-2016-7 |
| २९ | Daegu | 053 | 980-3505 |
| ३० | Pohang | 054 | 247-2971 |
| ३१ | Gwangju | 062 | 381-0015-7 |
| ३२ | Mokpo | 061 | 282-7294 |
| ३३ | Yeosu | 061 | 684-6971-3 |
| ३४ | Gwangyang | 061 | 792-1139 |
| ३५ | Jeonju | 063 | 245-6161-3 |
| ३६ | Gusan | 063 | 445-2581 |
| ३७ | Jeju | 064 | 722-3494 |